राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

सञ्चार माध्यममा तत्काल उपयोगको लागि

२०७४ जेष्ठ २१ गते

## राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशको उच्चस्तरीय भ्रमण टोली फिर्ता

राष्ट्रिय मानव अधिकार आयोग नेपालको निमन्त्रणामा राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशको एक उच्चस्तरीय टोली मिति २०७४/२/१६ देखि २०७४/२/२० सम्म ४ दिन नेपालको अध्ययन भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता भएको छ।

राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशका मानार्थ सदस्य प्राध्यापक श्री मेघना गुहाठार्कुताको नेतृत्वमा सचिव हिरणमय बरई सहित सात सदस्यीय टोली नेपाल भ्रमणमा रहेको थियो। टोलीले भ्रमणको क्रममा राष्ट्रिय मानव अधिकार आयोग नेपालमा रहेका मानव अधिकार उल्लंघन सम्बन्धी उजुरी, अनुसन्धान प्रक्रिया, सिफारिश कार्यान्वयनको अवस्था, आप्रवासी कामदारहरुको अवस्था र भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा आयोगले गरेको अनुगमन प्रक्रिया बारेमा बिस्तृतरुपमा जानकारी लिएको थियो। उक्त टोलीले राष्ट्रिय मानव अधिकार आयोगका कार्यवाहक अध्यक्ष माननीय प्रकाश वस्ती र माननीय सदस्य सुदिप पाठक, सचिव वेद भट्टराईसँग छुट्टा छुट्टै भेट तथा छलफल गरी मानव अधिकार संरक्षण तथा संवर्द्धनमा मानव अधिकार राष्ट्रिय संस्थाहरूको भूमिका सम्बन्धमा अनुभव आदान प्रदान भएको थियो।

साथै भ्रमण टोलीले राष्ट्रिय महिला आयोग नेपालका अध्यक्ष, केन्द्रीयय बाल कल्याण समितिका कार्यकारी निर्देशक, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समूह (नियोक), शक्ति समूह लगायतका संस्थाका प्रतिनिधिहरूसँग भेट गरी ती निकायहरुको गतिविधि सम्बन्धमा बिस्तृतरुपमा जानकारी लिएको थियो। भ्रमणटोलीका प्रमुख राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशका सदस्य गुहाठाकुर्ताले नेपालको अध्ययन भ्रमण अत्यन्तै फलदायी भएको र दुई आयोगबीच मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि समन्वय र सहकार्यको योगदान हुन सक्ने बताउनु भयो।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org